# नेपाल निजामती कर्मचारी संगठन कर्मचारी कल्याण कोष निर्देशिका, २०७४

**प्रस्तावना :**

नेपाल निजामती कर्मचारी संगठनको उद्देश्य पुर्तिका लागि संगठनका सदस्यको आर्थिक सहयोगार्थ कर्मचारी कल्याण कोष सञ्चालन गर्न आवश्यक भएको हुँदा नेपाल निजामती कर्मचारी संगठन विनियम, २०७४ को परिच्छेद १ नियम (२)(१४) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले “कर्मचारी कल्याण कोष निर्देशिका, २०७४” जारी गरेको छ ।

परिच्छेद - १

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो विनियमावलीको नाम **“कर्मचारी कल्याण कोष निर्देशिका, २०७४”** रहेको छ ।

(२) यो निर्देशिका संगठनको केन्द्रीय कार्य समितिले पारित गरे पछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) “संगठन” भन्नाले नेपाल निजामती कर्मचारी संगठनलाई वुझ्नु पर्दछ ।

(२) “विधान” भन्नाले नेपाल निजामती कर्मचारी संगठन विधान, २०६४ (नवौं संशोधन, २०७३) सम्झनु पर्दछ ।

(३) “कोष” भन्नाले नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले सञ्चालन गरेको कर्मचारी कल्याण कोषलाई सम्झनु पर्दछ ।

(४) “समिति” भन्नाले नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिलाई सम्झनु पर्दछ ।

(५) “खर्च गर्ने निकाय” भन्नाले कोषको खर्च गर्ने निकाय नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति हुनेछ । नेपाल निजामती कर्मचारी संगठन कर्मचारी कल्याण कोष निर्देशिका, २०७४ ज्ञटद्ध

(६) “दुर्घटना” भन्नाले यातायातको सवारी साधनबाट दुर्घटना, लडेको, खोला, नदी, तालमा परेको वा बगाएको, सर्पदंशमा परेको, अन्य विषालु किराको टोकाई, वन्यजन्तुको आक्रमणमा परेको, आगजनीमा परेको, आक्रमणमा परेको, विद्युतीय करेन्टमा परेको, दुर्घटनामा परी ठूलो घाउचोट लागेकालाई बुझिने छ ।

**(७) “पूर्ण अपाङ वा पूर्ण अशक्त”** भन्नाले सधै वेडरेष्ट गर्नुपर्ने, शरीरको आधा अङ्ग नचल्ने गरी प्यारालाइसिस भएको, आफै हिडडुल गर्न नसक्ने, सधै अर्काको सहारामा मात्र बाँच्नु पर्ने अवस्थालाई बुझिने छ ।

## परिच्छेद - २

## कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. कोषको सञ्चालन र ब्यवस्थापन :

(१) कोषमा जम्मा गरिने रकम र खर्च :

(क) विधानको दफा ८ बमोजिमका कर्मचारीले संगठन सदस्यता लिदा वा नविकरण गर्दा प्रति सदस्य रु. १००।- (एकसय) का दरले रकम जम्मा गर्न सक्नेछन् ।

(ख) यस निर्देशिका बमोजिम जम्मा हुने रकमका लागि नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको नाममा "कर्मचारी कल्याण कोष" खाता सञ्चालन गरिने छ । सो खाताको सञ्चालन संगठनका अध्यक्ष र कोषाध्यक्षको सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। (ग) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुने सहयोगको रकम पनि यस कोषमा जम्मा गर्न सकिने छ ।

(घ) समितिले विभिन्न आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुन आएको रकम कोषको खातामा जम्मा गर्न सक्नेछ ।

(ङ) उप-नियमावली (१)(क) बमोजिम जम्मा भएको रकम कल्याण कोषमा आवद्ध संगठन सदस्यको दुर्घटनामा परी मृत्यु भएमा, स्थायी अशक्तता भएमा र अंगभंग भई उपचार गराउनु पर्दा मात्र खर्च गरिनेछ ।

(च) उप-निर्देशिका (१)(क) बमोजिम जम्मा भएको रकमलाई कोषको 165 खातामा छुट्टै शीर्षकमा रकम जम्मा गरेर राख्ने र उप- उपनिर्देशिका (१) (घ) बमोजिम उक्त शीर्षकबाट खर्च गर्नु पर्नेछ ।

(२) कोषको रकम लगानी सम्वन्धमा : बहालवाला निजामती कर्मचारीहरूको हितको लागि देहायका कार्यहरूमा समितिले कोषको रकम लगानी तथा प्रयोग गर्न सक्नेछ :

**(क) लगानी गर्न सकिने कार्य क्षेत्र :**

(अ) कर्मचारी आवास

(आ) पेट्रोल पम्प सञ्चालन,

(इ) विद्यालयहरू सञ्चालन,

(ई) हाइड्रो पावरमा लगानी,

(उ) बहालवाला र निबृत्त कर्मचारीहरूलाई सहभागी गराई आयमूलक कार्यहरू सञ्चालन

(ऊ) समितिको निर्णयानुसार अन्य कार्यहरू ।

## परिच्छेद - ३

## ४. कोषको बजेट तथा कार्यक्रम र खर्च

**(१) वार्षिक अनुमानित आय-व्यय विवरण तयार गर्ने र स्वीकृत गर्ने :**

(क) समितिले आगामी आर्थिक वर्षमा सञ्चालन गरिने कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजनाको सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी कल्याणकारी योजना तयार गरी वार्षिक योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्नेछ ।

(ख) समितिले वजेट तथा कार्यक्रम तयार गर्दा जिल्ला/विभागीय कार्य समितिहरूसँग राय, परामर्श लिन सक्ने छ ।

(२) **कोषको लेखाको ढाँचा :** कोषको दैनिक आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । कोषमा पाउनु पर्ने रकम वा सोधभर्ना लिनुपर्ने रकमको विवरण मासिक रुपमा तयार गर्नु पर्नेछ ।

(३) **विवरण पेश गर्ने :** कल्याण कोषमा भएको आम्दानी खर्च तथा निकासा ज्ञटट भएको रकमको विवरण मासिक रुपमा तयारी गरी संगठन केन्द्रको वेभसाईडमा सार्वजनिक गर्नु पर्नेछ र सो समितिको वैठकमा कोषको छुट्टै आम्दानी खर्चको विवरण पेश गर्नुपर्ने छ ।

(४) **बुझबुझारथ :** कोषको आम्दानी खर्चको विवरण, वील भपाईकासाथ वैंक विवरण र नगद हिसाव कोषाध्यक्षले आफु कुनै पनि किसिमले कोषाध्यक्ष पदबाटमुक्त भएको १५(पन्ध्र) दिनभित्र समितिले तोकेको कोषाध्यक्ष वा सह-कोषाध्यक्ष वा सदस्यलाई वरबुझारथ गर्नुपर्ने छ ।

## परिच्छेद - ४

## कल्याण कोषमा आवद्धता र सुविधा सम्वन्धी व्यवस्था

## ५. कल्याण कोषमा आवद्धता र सुविधा :

**(१) कल्याण कोषमा आवद्धता :**

(क) संगठन विधान अनुसारको सदस्यता लिन योग्य व्यक्तिले संगठनको सदस्यता लिंदा वा नविकरण गर्दा कल्याण कोष वापत भुक्तानी गरेको रु. १००।- (एक सय) रकम र सो सदस्यको नाम, थर, ठेगाना, पद र कार्यालय सहितको विवरण सम्वन्धित जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरी हिसाव विवरण सहित समितिमा पठाउनु पर्ने छ ।

(ख) कल्याण कोष वापतको रकम कोषको खातामा जम्मा भएको वैंक भौचर र विवरण समितिका अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरेपछि मात्र प्रमाणित गरेको दिन देखि कल्याण कोषमा आवद्धता भएको मानिने छ ।

(ग) कल्याण कोषको रकम पठाउँदा निजको सदस्यता शुल्क वापत समितिमा पठाउनु पर्ने रकम समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**(२) कल्याण कोषमा आवद्धता सदस्यले पाउने सुविधा र प्रकृया :**

(क) आवद्धता भएको सदस्यको सुविधा प्राप्त गर्ने अवधि आवद्धता भएको पछिल्लो आ.व.को असोज मसान्तसम्म रहने छ ।

(ख) आवद्धता सदस्यले समितिबाट निम्न सुविधा प्राप्त गर्नेछन् :

अ. दुर्घटनामा परी मृत्यु भएमा निजको परिवारले रु. १,५०,०००।- (एक लाख पचास हजार) रकम प्राप्त गर्ने छन् ।

आ. दुर्घटनामा परि पूर्ण अशक्त र पूर्ण अपाङ भएमा रु. ५०,०००।- (पचास हजार) रकम प्राप्त गर्नेछ ।

इ. दुर्घटना परि उपचार गर्नु पर्दा उपचार खर्च वापत चिकित्सकको सिफारिस अनुसारको उपचार खर्च मात्र हुने गरी वील अनुसार वढीमा रु. २५,०००।- (पच्चीस हजार) सम्म रकम प्राप्त गर्नेछ ।

ई. चिकित्सकको प्रमाणित कागजात अनुसार मृगौला, मुटु, क्यान्सर, रेनल फेलर, अल्जाइमर, पार्किन्सिन, हेड/स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया र स्ट्रोक जस्ता रोगको उपचारका लागि एकमुष्ट रु. २५,०००।- (पच्चीस हजार) रकम प्राप्त गर्नेछ ।

उ. पूर्ण अशक्त र पूर्ण अपाङ वापत पाउने रकम प्राप्त गरी सकेपछि सोहि आवद्धता अवधिभित्र मृत्यु भएमा उप-विनियमावली (२)(ख) अनुसारको सुविधा दिईने छैन ।

ऊ. सदस्यले पाउने सुविधा प्राप्त गर्नु अघि सम्वन्धित जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष र सचिवले किटानीका साथ समितिमा लिखित सिफारिस गर्नु पर्नेछ र आवश्यक प्रमाणहरू सहित समितिमा माग दावी गर्नु पर्नेछ ।

(ग) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो निर्देशिका जारी भएपछि पहिलो पटकलाई समितिमा जिल्ला/विभागीय कार्य समितिबाट कम्तीमा रु. ५,०००।- (पाँच हजार) आवद्धता सदस्यको रकम सहितको विवरण प्राप्त भएपछि कुल संख्याको विवरण प्रमाणित गरेको मिति देखि मात्र कल्याण कोषको सुविधा प्राप्त हुने व्यवस्था लागू हुनेछ ।

## परिच्छेद - ५

६. **लागु हुने र संशोधन हुने :** संगठन केन्द्रीय कार्य समितिले पास गरेको मिति देखि लागू हुनेछ र आवश्यकतानुसार केन्द्रीय कार्य समितिले संशोधन, थपघट र परिमार्जन गरी कार्यान्वयन गर्न सक्नेछ ।

७. **उप-समिति गठन गर्न सकिने :** समितिले कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्न ५ जनाको एक उप-समिति गठन गर्न सक्नेछ । उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कल्याण कोषमा आवद्धता भएका सदस्यहरूको विवरण संकलन गर्ने र रेकर्ड कायम गर्ने ।

(२) आवद्धता भएका सदस्यको दुर्घटना सम्बन्धी प्राप्त निवेदन माथि छानविन गर्ने, सोधपुछ गर्ने र विनियमावली अनुसार सुविधा प्राप्त हुने रहेछ भने भुक्तानीका लागि सिफारिश गर्ने ।

(३) कोषमा रहेको रकम निर्देशिका अनुसार थप आय आर्जन गर्न सक्ने योजना तयार गरी सुझाव सहित समितिमा पेश गर्ने ।

(४) उप-समितिको वैठक आवश्यकतानुसार वस्ने छ ।

८. **सुविधा सम्बन्धी निर्णय :** यस निर्देशिका अनुसार कल्याण कोषमा आवद्धता भएका सदस्य र सदस्यको परिवारलाई सुविधा दिने, नदिने, तथा परिस्थितिजन्य अधिक संख्याको ठूला दुर्घटना, प्राकृतिक प्रकोपजन्य दुर्घटनाजस्तो अवस्थामा कल्याण कोषको आर्थिक अवस्था हेरी आंशिक रुपमा वा दामासाहीको रुपमा सुविधा भुक्तानी गर्न समितिलाई अधिकार हुनेछ । समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ६

## विविध

९. **विविध :**

(१) यो निर्देशिका लागू हुनु भन्दा अगाडि जिल्ला/विभागीय कार्य समितिहरूले सदस्यता वितरण वा नविकरण गर्दा लिइएको वीमा वापतको रकममा यो निर्देशिका अनुसारको नपुग रकम सदस्यबाट थप गरी कर्मचारी कल्याण कोषमा आवद्धताका लागि नाम नामेसी सहितको विवरण समितिमा पठाउनु पर्नेछ ।

(२) हाल प्रचलनमा रहेको संगठन सदस्यता रसिदमा रहेको “बीमा” भन्ने शव्दलाई कर्मचारी कल्याण कोष भन्ने बुझ्नु पर्दछ ।

*केन्द्रीय कार्य समितिको तेस्रो बैठकबाट स्वीकृत ।*

मिति : २०७४/१०/६ गते ।

दोस्रो संशोधन एघारौं राष्ट्रिय अधिवेशन २८-२९ फागुन २०७८